Reg. 20/1205/057/085

*Media for Human Rights and Democracy*

मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल

Institute of Human Rights Communication Nepal

(IHRICON)

श्रृंखला- ९

सञ्चार अनुगमन

मासिक प्रतिवेदन- कार्तिक २०७१

# कार्तिकमा चार महिलाको हत्या, सात बालिका यौनहिंसाको शिकार

राजधानीबाट प्रकाशित दैनिक अखबारहरुको अनुगमन गर्दा २०७१ को कार्तिक महिनामा मुलुकभर महिला हिंसाका १४ घटना भएको छ भने त्यसै गरी बालबालिका सम्बन्धी १३ घटना भएको पाइएको छ ।




राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा ४ महिलाको हत्या भएको छ । एकजना महिलाले आत्म हत्या गरेका छन् । त्यसैगरी ५ बलात्कारमा परेका छन् । त्यसमध्ये २ महिला सामूहिक बलात्कारको शिकार बनेका छन् । यौन दूर्व्यवहारमा २ महिला परेका छन् । हत्या प्रयास तथा यातनामा १-१ महिला पीडित भएका छन् ।

अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना १३ वटा पहिचान गरेका छन् । जसमा ४ को हत्या भएको छ, त्यस मध्ये १ नवजात शिशुको समेत हत्या भएको छ । बलात्कारको शिकारमा परेका ७ बालिकाको मार्मिक विवरण पनि प्रकाशमा आएको छ । त्यसैगरी यौन दूर्व्यवहारबाट १ बालिका पीडित भएका छन् भने १ बालकलाई चोरीको आरोपमा यातना दिइएको पाइएको छ ।




मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हतियारजन्य हिंसासँग सम्बन्धित घटनाको पनि अनुगमन गरेको छ । अखबारहरुका अनुसार कार्तिक महिनामा महिला र पुरुषगरी ८ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा ६ पुरुष, २ महिला प्रभावित भएको सञ्चार अनुगमनका क्रममा पाइएको छ । । प्रभावित हुने पुरुषमा ४ को मृत्यु भएको छ भने २ घाइते छन् । त्यसैगरी १ महिलाको मृत्यु भएको छ भने  त्यत्तिनै संख्यामा घाइते भएको पाइएको छ ।



हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल १२, मध्यमाञ्चल ७, पश्चिमाञ्चल २ र मध्य-पश्चिमाञ्चल ३ रहेको देखिन्छ ।

**बालबालिका तथा महिला हिंसा क्षेत्रगत आधारमा : कार्तिक २०७१**




इहृिकनले गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टमा प्रकाशित समाचारका आधारमा सञ्चार अनुगमन गरेको हो । मासिक रुपमा नियमित प्रकाशित गरिने सञ्चार अनुगमनमा चार राष्ट्रिय दैनिकलाई आधार लिएको पनि जानकारी गराइन्छ ।

जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इहृिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।